# अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको कार्यालय

सीतापुर, सप्तरी

## बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मिति : २०७४।१२।२६ गते

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य बोलपत्रद्वारा गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त फर्म कम्पनी वा व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७५/०१/२५) भित्र रु. ३,०००।- दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको कार्यालय सीतापुर, सप्तरीबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरि फर्म, कम्पनी वा व्यवसायीले प्रत्येक पानामा सही छाँप गरि, सिलबन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना र टेण्डर नम्बर प्रष्टसँग लेखी २०७५/०१/२६ सम्म यस अग्नीसाइर कृष्णासवरन गाउँपालिका कार्यालय सीतापुर,सप्तरीमा दिनको १२:०० बजेसम्ममा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्रहरु सोही मिति २०७५/०१/२६ दिनको १:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस अग्नीसाइर कृष्णासवरन गाउँपालिका कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक कम्पनी, फर्म वा व्यवसायीको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्र ९० दिनसम्मको लागि मान्य हुनेछ । बोलपत्रसाथ बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम बैंक जमानत वा अग्नीसाइर कृष्णासवरन गाउँपालिका कार्यालय सीतापुर, सप्तरी (राष्ट्रिय बाणिज्य बैंक, राजविराज) को धरौटी हि.नं. २१८०३०३००७१०६( अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको कार्यालय सीतापुर, सप्तरीको कोड १५-३६५-१८) मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी गरिएको बिडबण्ड (बोलपत्र मान्य हुने अवधिभन्दा १२० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाँप हुनु पर्नेछ । रित नपुगेको र सूचनाका सर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन ।

६. बोलपत्रदाताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.कर बाहेक) उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षररलाई मान्यता दिइने छ ।

बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन तोकेको समयमा नै हुनेछ ।
७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न र यस कार्यालयको वेभसाइट
९. www.agnisairkrishnasawaran.gov.np मा हेर्न सकिनेछ ।
प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको बोलपत्रमा कारवाही गरिने
१०. छैन ।

११. सामानको गुणस्तर सम्बन्धी कार्यालयको स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्ने छ ।

१२. Pre-Bid Meeting यस कार्यालयमा मिति : २०७४ वैशाख १५ गते दिनको १:०० बजे हुनेछ ।

१३. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

### तपसिल

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दस्तुर | बिडबण्ड जमानत रकम | विद्युतीकरण कार्यको लागत अनुमान भ्याट र कन्टेनजेन्सी बाहेक |
|---|---|---|---|---|
| ३/२०७४/७५ | गाउँपालिका क्षेत्रभरी विद्युतीकरण कार्यक्रम | रु. ३०००।- | रु.२२००००।- | रु.८६२०६९०।- |

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner